माननीय मन्त्रीज्यू बाट मिति २०७२।०१।१७ मा स्विकृत मापदण्ड तथा आधारहरु

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

## जुनियर नापी तालिम कार्यक्रममा प्रशिक्षार्थी छनौट गर्ने मापदण्ड तथा आधारहरु, २०७२

नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कार्यरत जनशक्तिको वृत्ति विकास र क्षमता अभिबृद्धिका लागि संचालन गरी आएको जुनियर नापी तालिम कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थी छनौट प्रक्रियालाई अझ प्रभावकारी र व्यवस्थित बनाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले देहायका मापदण्ड तथा आधारहरु तयार गरी लागू गरेको छ :-

१. जुनियर नापी तालिम कार्यक्रम एक आर्थिक वर्षमा बढीमा दुई समूह संचालन गरिनेछ । यसमा आन्तरिक प्रतिष्पर्धाबाट एक र जेष्ठताबाट एक गरी दुई प्रशिक्षार्थी समूहहरु रहनेछन् ।

२. आन्तरिक प्रतिष्पर्धाबाट छनौट हुने प्रशिक्षार्थीको संख्या २४ र जेष्ठताबाट छनौट हुने प्रशिक्षार्थीको संख्या २४ गरी जम्मा ४८ जना प्रशिक्षार्थीहरु रहनेछन् ।

३. जुनियर नापी तालीम (आन्तरिक प्रतिष्पर्धा र जेष्ठता) दुबै समुहमा आवेदन दिन चाहने कर्मचारीको योग्यता देहाय अनुसार हुनु पर्नेछ :-
   (क) नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा कार्यरत रहेको हुनुपर्नेछ ।
   (ख) एस.एल.सी. वा सो सरह उत्तिर्ण भई आधारभूत वा अमीन तालिम प्राप्त गरेको हुनुपर्नेछ ।
   (ग) आवेदन दिने अन्तिम मिति सम्म सम्वन्धित सेवा समुहमा ३ बर्ष सेवा अवधि पुरा गरेको हुनुपर्नेछ ।

४. आन्तरिक प्रतिष्पर्धाबाट उम्मेदवार छनौट गर्दा देहाय अनुसार गरिनेछ :-
   (क) एक समूहमा बढीमा २४ जनासम्म प्रशिक्षार्थीहरु छनौट गरिनेछ ।
   (ख) २४ जना प्रशिक्षार्थीहरु मध्ये आन्तरिक प्रतिष्पर्धा (खुल्ला) बाट -१४ जना र आन्तरिक प्रतिष्पर्धा (आरक्षण) बाट - १० जना छनौट गरिनेछ ।
   (ग) आन्तरिक प्रतिष्पर्धा (आरक्षण) बाट प्रशिक्षार्थी छनौट गर्दा देहायअनुसार गरिनेछ :-
   (१) महिला ३३%   (२) आदिवासी/जनजाती २७%   (३) मधेसी २२%
   (४) दलित ९%   (५) अपांग ५%   (६) पिछडीएको क्षेत्र ४%
   (घ) प्रकरण (ग) बमोजिम प्रतिशत गणना गरी संख्या कायम गर्दा लोकसेवा आयोगले अपनाएको विधि-अनुसार गरिनेछ ।
   (ङ) प्रकरण (ग) बमोजिम कुनै वर्ग को उम्मेदवार उपलब्ध नभएमा उक्त संख्या आन्तरिक प्रतिष्पर्धा (खुल्ला) तर्फको सिटमा थप गरिनेछ ।

५. आन्तरिक प्रतिष्पर्धाबाट प्रशिक्षार्थी छनौट गर्दा लिखित परीक्षा र अन्तरवार्ता समेतबाट प्राप्त कुल अंकको योग्यताक्रमको आधारमा गरिनेछ ।

६. लिखित परीक्षाको अंकभार ८०% र अन्तरवार्ताको अंकभार २०% हुनेछ ।

७. परीक्षाको परीक्षाफल प्रकाशित गर्दा लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिकाको आधारमा गरिनेछ ।

८. जेष्ठताबाट उम्मेदवार छनौट गर्दा देहाय अनुसार गरिनेछ :-

(क) एक समूहमा वढीमा २४ जनासम्म प्रशिक्षार्थीहरु छनौट गरिनेछ ।

(ख) २४ जना प्रशिक्षार्थीहरु मध्ये नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह रा.प.अनं.प्रथम श्रेणीमा कार्यरत कर्मचारीहरु मध्येबाट - १२ जना र नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह रा.प.अनं. द्वितीय श्रेणीमा कार्यरत कर्मचारीहरु मध्येबाट - १२ जना छनौट गरिनेछ ।

(ग) **प्रकरण (ख) बमोजिम कुनै श्रेणीको उम्मेदवार उपलब्ध नभएमा उक्त संख्या अर्को श्रेणी तर्फको** सिट संख्यामा थप गरिनेछ ।

(घ) जेष्ठता गणना गर्दा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली २०५० अनुसार गरिनेछ ।

९. जुनियर नापी तालिमका लागि प्रशिक्षार्थी छनौट गर्नका लागि देहायको समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | - अध्यक्ष |
| (ख) | प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |
| (ग) | निर्देशक (प्रशासन), भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | - सदस्य-सचिव |

उक्त समितिले प्रशिक्षार्थी छनौट गर्ने सम्वन्धमा कुनै उजुरी पर्न आएमा सो सम्वन्धी छानविन गरी निर्णय गर्नेछ ।

१०. जुनियर नापी तालीमका लागि आवेदन दिन चाहने उम्मेद्‌वारले संलग्न अनुसूचि १ वमोजिमको ढाँचामा फारम भरी आफु कार्यरत निकायवाट सिफारिस गराई तोकिएको मिति भित्र भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा बुझाउनु पर्नेछ । म्याद नाघी आएको आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन ।

११. आन्तरिक प्रतिष्पर्धाद्वारा हुने लिखित परीक्षा र अन्तरवार्ताको संचालन केन्द्रद्वारा अपनाई आएको प्रक्रिया अनुसार हुनेछ ।

१२. तालिम कार्यक्रम संचालन गर्ने सम्वन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आवश्यकतानुसार निर्देशन दिन सक्नेछ ।